# लघुउद्यम विकास कार्यक्रम (मेडेप)

**NEP/08/006**

## व्यवसाय विकास सेवाप्रदायक संस्थाको शर्तका बुँदाहरु (TOR)

**भाग क : शर्तका बुँदाहरु**

***आवश्यक सेवाको शीर्षक : एक जिल्लामा नतिजामुखी लघुउद्यम विकास कार्यक्रम कार्यान्वयन***

### १.१ पृष्ठभूमि र औचित्य

लघुउद्यम[1] विकास कार्यक्रम (मेडेप) AusAID,CIDA र UNDP को सहयोगमा नेपाल सरकारबाट सञ्चालित छ जसको मूल उद्देश्य लघुउद्यम विकास प्रवर्द्धनद्वारा गरीब बर्गको आयस्तर वृद्धि गरी उनीहरुको जीविकोपार्जनमा सहयोग पु¥याउनु हो । यस कार्यक्रम ३६ जिल्लाहरु[2]मा गरीबीको रेखामुनि रहेको अति विपन्न वर्ग विशेषगरी महिला, सामाजिक वहिष्करणमा परेका वर्गः दलित, जनजाति, धार्मिक अल्पसंख्यक, बेरोजगार युवाहरुमा लक्षित छ ।

उद्योग मन्त्रालय कार्यक्रम लागु गर्ने मुख्य निकाय हो भने स्थानीय विकास मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय कार्यान्वयन गर्ने सहनिकायहरु छन् । जिल्लास्तरमा यसको कार्यान्वयन जिल्ला उद्यम विकास कार्यक्रम कार्यान्वयन समितिले गर्दछ जसको अध्यक्षता जिल्ला विकास समिति अध्यक्ष हुने प्रावधान छ जसमा जिल्लास्तरीय विभिन्न विषयगत सरकारी निकायहरु र गैरसरकारी संस्थाका प्रतिनिधिहरु सदस्य रहने प्रावधान छ । यस समितिले जिल्लामा लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्दछ ।

### १.२ मेडेपका मुख्य उपलब्धि तथा सिकाइः

बिगत १२ बर्षको कार्यान्वयनको अवधिमा मेडेपले थुप्रै उपलब्धिहरु एवं अनुभवहरु हासिल गरेको छ । विभिन्न अध्ययनहरु[3] एवं मेडेपको GSIMIS database[4] को आधारमा केही महत्वपूर्ण उपलब्धिहरु तल प्रस्तुत गरिएको छ ।

---

[1] लघुउद्यम भन्नाले देहायका शर्त पूरा गरेको व्यवसाय सम्झनुपर्दछ । घरजग्गाबाहेक बढीमा २ लाख रुपैंयासम्म स्थिर पुँजी लगानी हुने, उद्यमी स्वयं व्यवस्थापनमा संलग्न, उद्यमीसमेत ९ जनासम्म कामदार रहेको, बार्षिक आर्थिक कारोबार २० लाख रुपैयाँभन्दा कम रहेको र इन्जिन, उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाटभन्दा कम भएको (औद्योगिक ऐन २०६८)

[2] **पूर्वाञ्चलः** तेह्रथुम, उदयपुर, सुनसरी, सप्तरी, सिरहा, **मध्यमाञ्चलः** सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रे, नुवाकोट, रसुवा, सिन्धुली, रौतहट, सर्लाही, महोत्तरी, धनुषा । **पश्चिमाञ्चलः** म्याग्दी, पर्वत, बागलुङ, नवलपरासी, कपिलबस्तु , **मध्यपश्चिमाञ्चल** : जुम्ला, कालिकोट, प्युठान, रुकुम, रोल्पा, सल्यान, दैलेख, सुर्खेत, दाङ, बाँके, बर्दिया । **सुदूरपश्चिमाञ्चलः** दार्चुला, बैतडी, कैलाली, डडेलधुरा ।

३ The studies include: i. Impact Assessment of Micro-Enterprise Development Programme.2000, (ii) Micro-Enterprise Development Programme (MEDEP) Phase II, Mid Term Review, 2006. (iii) Phase Out Strategy for MEDEP Phase I and II Districts, (iv) Scoping Study of MEDEP, 2007, (v) Sustainability study of MEDEP, 2008. (vi) Impact study of Finance, 2008.

४ मेडेप २०१० डिसेम्बरको MIS तयाङ्कअनुसार

- ५२,४९४ व्यक्तिहरुलाई लघुउद्यमी (६८% महिला, २२% दलित, ३६% आदिवासी जनजाति र ५५% युवा) तयार पार्न सफल भएको छ । जसमध्ये ७६% उद्यमीहरु आफ्नो व्यवसाय सञ्चालन गरिरहेका छन् भने ४% ले अन्य उद्यममा संलग्न रोजगारका माध्यमबाट आयआर्जन गरिरहेका छन् ।
- कार्यक्रमले ६०० जना व्यवसाय विकास सेवा प्रदान गर्न सक्ने उद्यम विकास सहजकर्ता तयार गरिसकेको छ । उद्यम विकास सहजकर्ता, व्यवसाय विकास सेवा प्रदान गर्न सक्ने दक्ष जनशक्ति हुन । उनीहरु गुणस्तरीय व्यवसाय विकास सेवा प्रदान गर्नसक्ने योग्य र दक्ष व्यक्तिको रुपमा परिचित छन् ।
- लघुउद्यमको वृद्धि एवं दिगोपनाको लागि ऋणमा पहुँच, बजार सम्बन्धमा वृद्धिलगायत उनीहरुलाई थप निरन्तर सहयोग आवश्यक हुन्छ ।
- २०% लघुउद्यमीहरु निष्क्रिय अवस्थामा छन् । यसका लागि कार्यान्वयन, अनुगमन एवं प्रतिवेदनमा प्राविधिक क्षमता अभिवृद्धिका लागि अन्य थप सहयोगका जरुरत पर्ने उल्लेख गरिएको छ । लघुउद्यमीहरुलाई प्रभावकारी सेवा प्रदान गर्नको लागि यी कुराहरु अत्यावश्यक छन् ।

### १.३ नतिजामुखी उपकरार/सम्झौता र खर्चः २०१२ मा गरिने पहल

सन् २०१२ का लागि मेडेपले जिल्लामा लघुउद्यम विकास कार्यक्रमको लागि नतिजामुखी उपकरारका सम्बन्धमा देहायबमोजिम रणनीतिहरु तर्जुमा गरेको छः

- व्यवसाय विकास सेवाप्रदायक संस्था, उद्यमीहरुको संस्था, जिल्ला उद्यम विकास कार्यक्रम कार्यान्वयन समिति, वित्तीय अन्तरमध्यश्थकर्ता गैरसरकारी संस्थाहरु, अन्य सरकारी निकायहरु एवं निजी संस्थाहरुसँग साझेदारीमा गरिने सहकार्य एवं सम्झौतालाई बढावा दिइनेछ ।

  यी विभिन्न सरोकारवालाहरुलाई नतिजामुखी कार्यक्रम उपकरार एवं उनीहरुको काम र जिम्मेवारीको आधारमा सम्भावित नतिजासम्बन्धी अभिमुखीकरण गरिनेछ (तालिका १) । प्रत्येक सरोकारवालाको लागि (तर्कगत ढाँचा) निर्माण अति महत्वपूर्ण[5] हुन्छ जुन खाकामा परियोजनाले आशा गरेका नतिजाहरु समावेश हुन्छ । यसले कुन पक्षमा अनुगमन गर्ने भन्नेबारे निर्देशन दिन सक्दछ ।

- तर्कगत ढाँचा विश्लेषणको आधारमा नतिजा प्राप्तिका लागि समायोजन र सुधार गर्नुपर्ने कुराहरु जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न प्रतिस्पर्धाको आधारमा सक्षम व्यवसाय सेवाप्रदायक संस्थाहरु (निजी क्षेत्र, निजी फर्म, नीजी संस्थाहरु, गैरसरकारी संस्थाहरु) को छनौट
- बार्षिक सम्झौता, त्रैमासिक कार्य योजना र बजेटमार्फत विशेष सीपमूलक सेवा प्रदान गर्ने अन्य निकायहरुसित नतिजामूलक कार्यक्रम-उपकरार र वित्तीय व्यवस्था
- निजी क्षेत्र (जस्तैः गण्डकी बी कन्सर्न, नेपाल डेरी, एफ.एच.ए.एन.) र सम्बन्धित सरकारी निकायसँग प्राविधिक सीप र B2B linkage का लागि लागतसाझेदारी
- उद्यमीहरुको अनुगमन एवं परामर्श सहयोग, बजार सञ्जाल विकास, लैङ्गिक एवं सामाजिक समावेशी सहभागीमूलक अनुगमन र मूल्याङ्कन र आवश्यक देखिएका अन्यक्षेत्रका लागि लघुउद्यमीहरुको संस्थासित लागत साझेदारी पत्ता लगाइनेछ ।

---

[5] राष्ट्रिय योजना आयोगले २०६७ मा जारी गरेको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन निर्देशिकाले सरकारका सवै कार्यक्रम, परियोजनाहरुका लागि तर्कगत ढाँचा आवश्यक ५ भन्ने कुरा इङ्गित गरेको छ ।

तलिका १ : जिल्लामा लघुउद्यम विकासका लागि सरोकारवालाहरुको काम र जिम्मेवारीहरु :

| **सरोकारवालाहरु** | **काम र जिम्मेवारीहरु** |
|---|---|
| व्यवसाय विकास सेवाप्रदायक संस्था | नयाँ लघुउद्यम सृजना एवं स्तरन्नोति (मेडेप मोडेलका पक्षहरुलाई प्रयोग गरिने) |
| उद्यमीहरुको संस्था (DMEGA) | नीति बनाउनमा प्रभाव पार्ने (स्रोत साधनहरुको बाँडफाँडमा वकालत गर्ने, सार्वजनिक/सामाजिक लेखापरीक्षण, योजना तर्जुमा र अनुगमन, निरन्तर सहयोग र परामर्श सेवा, बजार प्रवर्द्धन र सञ्जालको विकास |
| जिल्ला उद्यम विकास कार्यक्रम कार्यान्वयन समिति (DEDPIC) | व्यवसाय विकास सेवा प्रदान गर्ने संस्थाको छनोट, लघुउद्यम विकास योजनालाई अन्तिमरुप दिने, योजना तर्जुमा गर्न उद्यमीहरुको संस्थालाई निर्देशन दिने, संयुक्त अनुगमन र मूल्याङ्कन, जिल्लामा लघुउद्यम विकासका लागि नीति निर्देशन, उद्यम विकाससम्बन्धी जिल्लागत प्रतिवेदन तयार |
| विषयगत सरकारी निकायहरु | प्राविधिक सेवाहरुको व्यवस्था |
| वित्तीय संस्थाहरु | वित्तीय सेवाको व्यवस्था |
| निजी क्षेत्रहरु | प्राविधिक सीपको व्यवस्था र बेचेको सामान किनिदिने प्रत्याभूति buy-back Guarantee |

### १.४ मेडेपको गरिबमुखी र समाबेशी लघुउद्यम विकास ढाँचा

मेडेप मोडेल गरिबमुखी र समाबेशी उद्यमी छनौट, कार्यक्रममा प्रवेशका प्रकृयाहरु र उद्यमी तयार गर्ने प्रकृयाका ६ सम्भागहरुमा आधारित (तल दिइएको तालिका) छ । उद्यमीहरुका लागि चाहिने आवश्यक सहयोगहरुको सामान्य प्रतिनिधित्व यी ६ सम्भागहरुले गर्दछन् र यसको अन्तिम उद्देश्य उद्यमीहरु स्वनिर्भर तथा दिगो हुनु र क्रमशः स्तरोन्नति गर्नु हो ।




### २.उद्देश्यहरु

यस कामको मुख्य उद्देश्य व्यवसाय विकास सेवाप्रदायक संस्थाले मेडेप मोडेल प्रयोग गरी लघुउद्यमीहरुको सृजना एवं उद्यमहरु विकास गर्ने र उद्यमी सङ्घ, जिल्ला उद्यम विकास कार्यक्रम कार्यान्वयन समिति, वित्तीय संस्था, सरकारी संस्था एवं जिल्लामा भएका निजी संस्थाहरुसँग साझेदारी गरी गरिबमुखी समावेशी लघुउद्यम विकासमा योगदान पुऱ्याउने रहेको छ ।

**अपेक्षित परिणामहरुः**

क) लघुउद्यमीहरुको संख्यामा वृद्धि भएको हुनेछ । कार्यरत जिल्लाका लक्षित वर्ग विशेषगरी महिला, दलित र पछाडि पारिएका आदिवासी जनजातिहरुले लघुउद्यम सञ्चालन गरिरहेको हुनेछन् ।

ख) कार्यरत जिल्लाका गरीव महिला र पुरुष र दतिल जनजातिहरुले सञ्चालन गरीरहेको उद्यम व्यवसायको उत्पादकत्व वढेको हुनेछ ।

ग) जिल्लामा लघुउद्यमीहरुको लागि लैङ्गिक समानता प्रवर्धन गर्न उचित वातावरण कायम गर्न योगदान पुगेको हुनेछ ।

**अपेक्षित उपलव्धिहरुः**

क) गरीब एवं पछाडि पारिएका समूहहरुको पहिचान भएको हुनेछ ।

ख) लक्षित समूहहरुमा उद्यमशिलता सीप प्रवर्द्धन भएको हुनेछ । (६०% महिला, ३०% दलित, ४१% आदिवासी जनजाति, ६०% युवा र अरु गरीब एवं पछाडि पारिएका वर्ग)

ग) लक्षित समूहहरुको वित्तीय सेवामा पहुँच वृद्धि भएको हुनेछ । (६० % महिला, ३०% दलित, ४१% आदिवासी जनजाति, ६०% युवा र अरु गरीब एवं पछाडि पारिएका वर्ग)

घ) प्राविधिक सेवा प्रदान गर्ने संस्था एंव निजी संस्थाहरुको सम्वन्ध एवं सहकार्यवाट लक्षित समूहहरुको उपयुक्त प्रविधिहरुमा पहुँच वृद्धि भएको हुनेछ । (६०% महिला, ३०% दलित, ४१% आदिवासी जनजाति, ६०% युवा र अरु गरीब एवं पछाडि पारिएका वर्ग)

ङ) लघुउद्यमीहरुको मूल्यश्रृङ्खला कर्ताहरुसित सम्वन्ध विस्तार भएको हुनेछ ।

च) महिला र पुरुषहरुमा लघुउद्यममा आधारित वस्तुहरु एवं बजार नीति सुधारका लागि वकालत गर्ने क्षमता अभिवृद्धि भएको हुनेछ ।

## ३. एकीकृत उद्यम विकास रणनीति

### ३.१ पर्वत र म्याग्दी जिल्लामा आर्थिक पर्यटकीय पदयात्रासँगैसमुदायमा आधारित एकीकृत लघुउद्यम विकासको धारणा

सन् २०१०/११ मा विभिन्न संस्थाहरुः अन्नपूर्ण भटागिरी आर्थिक पर्यटन समुदाय, नेपाल पर्यटन बोर्ड र ट्रेकिङ एजेन्टस् एसोशियशन अफ नेपालको संयुक्त साझेदारीमा मेडेपले पर्वत र म्याग्दी जिल्लामा आर्थिक पदयात्रा उत्पादन विकास गर्ने यो नमूना कार्यक्रमको मुख्य उद्देश्य पदयात्रा गर्ने, खर्च गर्ने आयबाट समुदायमा गरिवी घटाउनु हो । सन् २०११ मा ९ वटा पदयात्रासमूहहरु (६०% विदेशी पर्यटकहरु र ४०% नेपाली पर्यटकहरु) ले यो मार्गबाट पदयात्रा गरेका थिए । यो मार्गमा मेडेपले वन र कृषिमा आधारित उद्यमहरु पनि प्रवर्द्धन गरेको थियो ।

मेडेपले निम्न ३ भैरहेका र संभावित उद्यमहरुको पहिचान गरी थप विकास गर्नेछ ।

**पर्यटन व्यवसायः** Home Stay, सामुदायिक भान्छा घर, आवास, भान्छे, पथपदर्शक, दृश्यावलोकन, खाना खाने ठाउँ

**कृषिमा आधारित**: वेमौसमी प्राङ्गारिक तरकारी, सुन्तला र यसवाट जुस, मह, शिताके च्याउ, रेन्बो ट्राउट माछा, मासु र अण्डाको लागि कुखुरापालन, आरुबखडाको जाम, याक प्रजनन् केन्द्र

**वनमा आधारित**: लोक्ता कागज, कागजका सामान, सिस्नु पाउडर, अल्लोका सामान, हस्तकला, वाँसका सामानहरु ।

सन् २०१२ मा मेडेपले देहायका रणनीति अपनाई एकीकृत समुदायमा आधारित उद्यमहरु प्रर्वद्वन गर्नेछ ।

- जिल्लाका कृषि कार्यालयहरु एवं जिल्ला वन कार्यालयहरुको सहकार्यमा कृषिमा र वनमा आधारित वस्तुहरु बृहत् मात्रामा उत्पादनः

- स्थानीय र वाह्य बजारको मागअनुरुप वस्तुहरुको उत्पादनमा विविधीकरण
- कृषिमा आश्रित खाद्य वस्तुहरुको प्राङ्गारिक प्रमाणीकरण
- बजार मागको आधारमा ब्रान्डिङ् र प्याकेजिङ्
- उत्पादित वस्तुहरुको लागि बजार सञ्जालको विकास
- नेपाल पर्यटन बोर्ड, ट्रेकिङ एजेण्टस् एसोशिएशन अफ नेपाल र निजी क्षेत्रहरुको सहकार्यमा आवास क्षमता र पर्यटक सेवामा सुधार
- सरकार र अरुसम्वन्धी सरोकारवालाहरुको सहकार्यमा नयाँ पहलहरुको प्रवर्द्धन र प्रचार-प्रसार

## ३.२ गरिबमुखी समावेशी मूल्य श्रृङ्खला विकास

मेडेपले १० वटा वस्तुहरुमा ७,८३४ लघुउद्यमीहरु प्रवर्द्धन गरिसकेको छ र १२,५०० भन्दा वढी व्यक्तिहरुलाई उद्यमीहरुमार्फत रोजगारमा आवद्ध गरेको छ। (तालिका २)

सन् २०१२ मा मेडेपले पश्चिम, मध्यपश्चिम र सुदूरपश्चिमका जिल्लाहरुमा अल्लो, सल्यान र नवलपरासी जिल्लामा अदुवा, मध्यपश्चिम तथा सुदूरपश्चिमका जिल्लामा चिउरीमा मूल्य श्रृङ्खला गर्ने विभिन्न जिल्लाहरुमा उत्पादनविशेष मूल्य श्रृङ्खलासम्वन्धी कार्यशाला गोष्ठीहरु आयोजना गर्नेछ जसमा सम्वन्धित सरोकारवालाहरु एवं मूल्यश्रृङ्खला कर्ताहरुबीच गरीबमुखी तथा समावेशी मूल्यश्रृङ्खलासम्वन्धी कार्ययोजना एवं सहकार्यहरुमा सहमति जुटाई कार्य गरिनेछ ।

यी विशिष्ट उपक्षेत्रहरुमा मूल्यश्रृङ्खला विकाससम्वन्धी रणनीतिहरुले GIZ, HVAP , PACT, APC, FHAN, निजी क्षेत्र र अरु सम्वन्धित सरोकारवालाहरुसँगको साझेदारी एवं सहकार्यमा निम्न क्षेत्रका लागि जोड दिइनेछ ।

अ) लघुउद्यमीहरुसित लघुवित्त संस्थाको सम्वन्ध
आ) स्थानीय प्राविधिक जनशक्तिको विकास
इ) प्रविधिको सुधार
ई) वस्तु विविधीकरण एवं गुणस्तरीय वस्तुहरु उत्पादन
उ) बजार सञ्जालको विकास

जिल्लामा कार्ययोजनामा कार्यान्वयन गर्दा सहभागीमूलक बजार श्रृङ्खला विधि (PMCAA)[6] अवलम्बन गरिनेछ ।

---

[6] Horton,D. Facilitating por-poor market chain innovation: An assessment of the participatory market chain approach in Uganda. International Potato Center (IPC), Lima, Peru.2008.46 p.

Bernet,T., Thiele,G. and Zschocke,T.2006. Participatory Market Chain Approach (PMCA) User Guide.Lima,Peru. International Potato Center (IPC). (Available at: http://papandina.cip.cgiar.org/fileadmin/PMCA/User-Guide.pdf)

Bernet Thomas, Andre Devaux et al. (2008). "The Participatory Market Chain Approach: Stimulating pro-poor market-chain innovation." Institutional Learning and Change,Brief 21.

**तालिका २**

मूल्यश्रृङ्खलामा मेडेपको उपलब्धि (२०१० सालसम्ममा )

| क्र. सं. | वस्तु | लघुउद्यमी संख्या | रोजगारी सिर्जना | पहुँच पुगेका जिल्ला |
|---|---|---|---|---|
| १ | अल्लो | ७८७ | ११८० | २१ |
| २ | बाँसको उत्पादित वस्तुहरु | ८१४ | १४३९ | २८ |
| ३ | मह उत्पादन | २५७३ | ३८८७ | २९ |
| ४ | चिउरी हर्वल सावुन | ११५ | २०० | १९ |
| ५ | ढाका कपडा | ६५५ | १२४४ | २३ |
| ६ | अदुवा | ८५५ | १२१९ | २४ |
| ७ | अगरवत्ती | १२७२ | २३२६ | ३० |
| ८ | लप्सी | २३३ | २९९ | ७ |
| ९ | लोक्ता कागज | १७१ | ३२१ | १५ |
| १० | सुन्तला | ३५९ | ५३५ | १३ |
| | **जम्मा** | **७८३४** | **१२६५०** | |

उद्यमहरुको दिगोपनका लागि निजी क्षेत्र (जस्तै गण्डकी बीकन्सर्न नेपाल, नेपाल डेरी), उत्पादन विशेषका सहकारीहरु र व्यक्तिगत साना उद्यमीहरु (जसले व्यवसायसम्वन्धी जोखिम वहन गर्न सक्ने) सँग समझदारीमा Business to Business (B2B) सम्वन्ध प्रवर्द्धन गरिनेछ ।

### ३.३ हरित र वातावरणमैत्री लघुउद्यमहरुको प्रवर्द्धन

पुनर्नवीकरणीय प्राकृतिक श्रोतहरुको प्रयोग गरी बृहत् वस्तुहरुको उत्पादन गरिनेछ । जस्तै अल्लो यदि प्रयोग गरिएन भने नष्ट नै हुन्छ र ती हरित उद्यमहरुलाई तीन समूहमा वर्गीकरण गर्न सकिनेछ ।

**तालिका ३ : हरित लघुउद्यमहरुको मेडेपले गरेका तीन बृहत् बर्गीकरणहरु**

| क्र. सं | बृहत् बर्गीकरण | वस्तुहरु | नीजि क्षेत्र | सेवाप्रदायक संस्था | नीति निर्माण गर्ने संस्था | वित्तीय संस्था | वातावरणीसत सम्वन्धित | लैङ्गिक एवं सामाजिक समाबेशी | पहुँच |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राकृतिक रेशाजन्य बस्तुहरु | अल्लो, केराको रेशा, बाँसको रेशा, सुति कपडा ढाका, आदि) | उद्यमीहरु, उत्पादकहरु, सङ्गठनहरु, व्यवसायिक सदस्यहरुका सङ्गठनहरु, व्यापारीहरु, निर्यातकर्ताहरु | NARC, NAST,RECAST, Forest Research & Survey, DFO, DDC, CSIDB, DCSI, FNCSI, FNCCI, CCI CFUG, CRT, Global, Packaging, Sunworks, FTG Nepal, FHAN | MoI, MoFSC, MoAC, MoLD, MoE | विकास ब्याङ्कहरु, वाणिज्य ब्याङ्कहरु, वित्तीय अन्तर मध्यस्थकर्ता गैरसरकारी संस्थाहरु, ऋण तथा बचत सरकारी ब्याङ्कहरु,, नेपाल राष्ट | दिगो उत्पादन र खेतीबाली | महिला, युवा तथा बिपन्नहरु | मुख्यतः मध्य र सुदूरपश्चिममा |
| २ | कृषि | मह, | उद्यमीहरु, | NARC,NAST, | MoI, | | हानिकारक | | राष्ट्रियस्त |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशोधन र मूल्य अभिबृद्धिका बस्तुहरु | अदुवा, लप्सि, सुन्तला, स्याउ, दुग्ध उत्पादनहरु, आदि । | उत्पादकहरु, सङ्गठनहरु, व्यवसायिक सदस्यहरुका सङ्गठनहरु,, व्यापारीहरु, निर्यातकहरु, रिजाल टासी, नेपाल डेरी, गण्डकी बीकन्सर्न | RECAST, Forest Research & Survey, DFO, DDC, CSIDB, DCSI, FNCSI, FNCCI, CCI CFUG, CRT, Global, Packaging, Sunworks, FTG Nepal | MoFSC, MoAC, MoLD, MoE | ब्याङ्क | रसायन रहितका बस्तुहरु | का लागि उपयुक्त हुने | रमा सम्भाव्य |
| ३ | कृषिमा आधारित बस्तुहरु | चिउरी, काउलो, आवश्यक तेलहरु ( केमोमाइल, मेन्था, लेमोन ग्रास, निम, आदि) | उद्यमीहरु, उत्पादकहरु, सङ्गठनहरु,, व्यवसायिक सदस्यहरुका सङ्गठनहरु, व्यापारीहरु, निर्यातकहरु | NARC,NAST, RECAST, Forest Research & Survey, DFO, DDC, CSIDB, DCSI, FNCSI, FNCCI, CCI CFUG, CRT, Global, Packaging, Sunworks, FTG Nepal, FHAN | MoI, MoFSC, MoAC, MoLD, MoE | | दिगो उत्पादन र खेतीबाली | | मुख्यतः मध्य र सुदूरपश्चिममा |

### ३.४ लैङ्गिक एवं सामाजिक समाबेशी लघुउद्यम विकासः

मेडेपले अति गरिव, दलित, जनजाति, आदिवासी महिला र युवाहरुलाई लक्षित गरेको छ जो भेदभाव र वञ्चितीकरणमा परेका छन् । मेडेपको हरेक संभागहरु एवं क्रियाकलापहरुमा गरिव तहका ६०% महिला, ३०% दलित, ४०% आदीवासी जनजाति र ६०% युवाहरु समेट्न अनिवार्य छ (प्रत्येक क्रियाकलापमा जस्तै तालिम अवलोकन भ्रमण, नयाँ प्रविधि, साझा सुविधा केन्द्र, लघुऋण, व्यापारिक मेला, प्रदर्शन आदि) महिला एवं वञ्चितीकरणमा परेका वर्गको उद्यम प्रवर्द्वन गर्नमा योगदान पुगेको हुनुपर्दछ । लक्षित वर्गको पहिचान गरी सेवा पुऱ्याउनका लागि व्यावसायिक सेवाप्रदायक संस्थाहरुले जिल्ला उद्यमी समूह सङ्घसँग सहकार्य गर्नेछन् ।

### ३.५ उद्यम विकासका लागि लघुकर्जामा उद्यमीहरुको पहुँचमा वृद्धि

लघुउद्यमीहरुको लागि आवशयक ऋण पुँजीको पहिचान गरिन्छ र जिल्ला उद्यमी समूह सङ्घको सहकार्यमा लघुवित्त संस्था, सहकारी संस्था र विकास ब्याङ्कहरु (जस्तै सांग्रिला बिकास ब्याङ्क, वागेश्वरी विकास ब्याङ्क, किष्ट ब्याङ्क, आदि) सित लघुउद्यमीहरुको सम्वन्ध स्थापित गर्ने रणनीति तयार गरिनेछ । लघुउद्यमीहरुले सहकारी संस्थामार्फत ग्रामीण स्वावलम्बन परियोजना/नेपाल राष्ट्र ब्याङ्क र अरु वित्तीय सेवा प्रदान गर्ने संस्थासँग सम्वन्ध स्थापित गर्न बढावा दिइनेछ ।

### ३.६ बजारको मागमा आधारित वस्तु उत्पादन र विविधीकरण

सन् २०१२ मा मेडेपले स्थानीय र बाह्य बजार एवं उपभोक्ताको मागबमोजिम संख्यात्मक, गुणात्मक, ब्रान्ड, प्याकेजिङ् जस्ता कुराहरुलाई ख्याल गरी विभिन्न वस्तुहरु उत्पादन गर्ने रणनीतिमा जोड दिइनेछ । जस्तैः यसको

लागि सल्यान र नवलपरासीमा अदुवाको मूल्यश्रृङ्खलाका लागि संयुक्त कार्ययोजना हुनसक्छ । यी कुराहरु मेडेपको अरु हरित उद्यमहरु (माथिको तालिका ३ मा दिइएको) मा पनि लागु हुनेछ ।

## ४.विधि

नतिजा र उपलब्धि हासिल गर्नका लागि सेवाप्रदायक संस्थाहरुले माथिको रणनीतिहरु प्रयोग गरी थुप्रै कामहरु कार्यान्वयन गर्नुपर्दछ । ती क्रियाकलापहरु तल व्याख्या गरिएको छः

### ४.१ परियोजनाको लागि स्थान र बजार केन्द्रको पहिचान

बजार केन्द्र र कार्यहरु कार्यान्वयन गर्ने ठाउँको छनोट, स्रोत सम्भाव्यता अध्ययन र अरु यस्तै सम्वन्धीत अध्ययनको आधारमा हुनेछ । परियोजना छनोटका आधारहरु देहायका छन् :

क) कच्चा पदार्थको उपलब्धता

ख) स्थानीय परम्परागत शिप

ग) बजारसँगको पहुँच

घ) उद्यमीहरुको सम्भाव्य बस्ती

ङ) लक्षित वर्ग विशेषतः गरिब अवस्थामा रहेका महिला, दलित, आदिवासी र जनजातिहरुको माग र रुची ।

### ४.२ लक्षित वर्गवाट सम्वन्धीत उद्यमीहरुको पहिचानः

हरेक व्यक्तिहरुमा आफूभित्र उद्यमशिलता लुकेको हुन्छ भन्ने कुरामा मेडेपले विश्वास गरे तापनि सम्भावित उद्यमीहरुको पहिचानका लागि तल दिइएका बुँदाहरुलाई ध्यान दिइन्छ र अति गरिवीको तहमा रहेका वञ्चितीकरणमा परेका महिला, दलित, आदिवासी, जनजातिहरुमध्ये सम्भावित उद्यमीहरु छानिन्छ ।

क) सहभागितात्मक ग्रामिण लेखाजोखाको माध्यमवाट गरिव घरपरिवारहरुको पहिचान गर्ने ।

ख) यस कार्यक्रमले तयार पारेको सामाजिक र आर्थिक सर्वेक्षण (फारम ए) माध्यमद्वारा घरधुरी सर्वेक्षण गर्ने

(ग) घरधुरी सर्भेमार्फत प्रत्येक घरमा बेरोजगारको संख्या पहिचान गर्ने (फर्म ए) पश्चात्, दोश्रो प्रश्नावलीहरु (फर्म बी र सी) प्रयोग गरेर उनीहरुको शैक्षिक अवस्था, ज्ञान, शिप, रुची, प्राथमिकताहरु, आर्थिक श्रोतहरु, उद्यमशिलतासम्वन्धी ज्ञान, सदस्यता, आदिबारे जानकारी लिइन्छ ।

(घ) सहभागीमूलक छलफल र सहभागीहरुसँग गरिने अन्तरकृयाहरूमार्फत छनौट गरिएका घरधुरीहरुबाट सम्भाव्य उद्यमीहरुको छनौट गरिनेछ ।

(ङ) डाटाबेसमा राख्नका लागि जिल्ला उद्यमी समूह सङ्घलाई सम्भाव्य उद्यमीहरुको विवरण उपलव्ध गराउने

### ४.३ उद्यमीहरुको स्थापना

(क) स्थानीय स्तरमा उत्पादन गर्ने बस्तुहरुको पहिचान । यो प्रकृयाअन्तरगत व्यापारीहरुको सर्भेक्षण (फर्म D) गरिनेछ जसबाट सम्भाव्य बजार, व्यापारीहरु, बस्तुहरु (संख्यात्मक र गुणात्मक) को लागि बजारको माग, अवस्था, आदि ।

(ख) आफ्नो व्यवसाय आफैं शुरु गरौं तालिम प्रदान गर्ने । जसअन्तरगत निम्न बिषय र चारतहहरु निर्धारण गरिएको हुन्छः सम्भाव्य उद्यमीहरुको तालिम (TOPE), व्यबसाय शुरुगर्ने उद्यमीहरुका लागि तालिम (

TOSE), भैरहेका उद्यमीहरुको लागि तालिम (TOEE), व्यवसाय बिस्तार गर्ने उद्यमीहरुको लागि तालिम (TOGE)

आफ्नो व्यवसाय आफैं शुरु गरौं तालिमका खुड्किला

| | | | |
|---|---|---|---|
| | | | व्यवसाय सुधार तालिम |
| | | व्यवसाय सुधार तालिम | |
| | व्यवसाय शुरु तालिम | व्यवसाय शुरु गरेका तथा सञ्चालन गरिरहेका उद्यमीहरु | व्यवसाय गरिरहेका र व्यवसायमा विस्तार गर्न चाहने उद्यमीहरु |
| व्यवसाय सचेतना गोष्ठि | व्यवसाय सचेतता गोष्ठिबाट वा अन्य तरिकाबाट छनोट भएका व्यवसाय शुरु गर्न चाहने उद्यमीहरु | | |
| सहभागीः व्यवसाय गर्न इच्छुक, रुची भएका व्यक्तिहरु | | | |

४.४ **सामाजिक परिचालन, अनुगमन र प्राविधिक सहयोगः** यसअन्तरगत निम्न क्रियाकलापहरु समावेश छन्:

क) जिल्ला उद्यमी समूह सङ्घसितको साझेदारीमा समूह गठन र सङ्गठन निर्माण

ख) सहकारी, लघुवित्तीय संस्थाहरु, आय वित्तीय संस्थाहरुसँगको सम्पर्कमार्फत वित्तीय सेवाहरु प्राप्त गर्न गरिने सहयोग

ग) निजी क्षेत्र, प्राविधिक सेवा प्रदान गर्ने निकायहरुसँगको सहकार्यमा साझा सुविधा केन्द्र र प्राविधिक तालिम केन्द्रमार्फत उपयुक्त प्रविधि सहयोग गर्ने

घ) आफ्नो व्यवसाय आफैं शुरु गरौंको ToEE र ToGE को दुई वा तीन तालिम प्रदान गर्ने

ङ) निजी क्षेत्रको सहकार्यमा बजारमा पहुँच र बजार सम्पर्क स्थापना गर्न सहयोग गर्ने

च) अन्य व्यवसायसम्वन्धी परामर्श दिने

**४.५ रुग्ण उद्यमीहरुलाई सक्षम वनाउन र भैरहेका उद्यमीहरुको स्तरोत्तन्नति गर्नका लागि आवश्यक व्यावसायिक परामर्श र प्राविधिक सहयोग प्रदान गर्ने**

**यसअन्तरगत निम्न क्रियाकलापहरु समावेश छन् :**

क)	उद्यमीहरुको तहमा सहभागितात्मक उर्ध्व योजना (Bottom up Plan) प्रवर्द्वन गर्ने - लघुउद्यमी समूहदेखि लघुउद्यमी समूह सङ्घ र जिल्ला लघुउद्यमी समूह सङ्घसम्म र उद्यमीहरुको मागअनुसार योजनामा आवश्यक परिवर्तन गर्ने र लैङ्गिक सामाजिक समावेशी सहभागितात्मक योजना, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामार्फत समस्याहरुको पहिचान गरिनेछ र त्रैमासिक प्रतिवेदन पेश गरिनेछ

ख)	उद्यमीस्तरमा एक (अनुगमन र मूल्याङ्कनको प्रवर्द्वन विकास गर्ने र जिल्ला लघुउद्यमी समूह सङ्घलाई तथ्याङ्क/अभिलेख राख्ने र व्यवस्थापनमा सहयोग गर्ने। जिल्ला लघुउद्यमी समूह सङ्घलाई त्रैमासिक र वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने

ग)	सामाजिक/सार्वजानिक लेखा परिक्षण तह, तालिमपूर्व र पश्चात्को अनुगमन, साझा सुविधा केन्द्रसम्वन्धी क्रियाकलापहरु कार्यान्वयन गर्न उद्यमीहरुको संख्याहरुसँग सहकार्य गर्ने,

घ)	लघुउद्यमी समूह सङघको बैठकका क्रियाकलापहरुको संयुक्त अनुगमन गर्ने

## ५) नतिजामुखी अनुगमन तथा मूल्याङ्कन, उपलब्धि र समयसीमा

निर्दिष्ट लक्षित सूचकहरुअनुसार उपलब्धिहरुको प्रक्रियासम्वन्धी परिमाणहरु, संख्यात्मक र गुणात्मकस्तर सुनिश्चित गर्नका लागि प्रतिवेदन र स्वअनुगमनात्मक मूल्याङ्कन आवश्यक छ। प्रत्येक जिल्लामा अनुमानित ५० देखि २०० भैरहेका उद्यमीहरु सिर्जना गरिनेछ र ५० देखि २०० नयाँ उद्यमीहरुको सुदृढीकरण/स्तरोन्नति गरिनेछ।

उद्यमीशिलता सीप विकास तालिम (तालिका नं. ५.२) र सामाजिक परिचालन (तालिका ५.१) का क्षेत्रमा कार्यक्रम सुरुवात भएको ४ महिनापश्चात् निर्दिष्ट लक्षित सूचकहरुको आधारमा अपेक्षित नतिजा दाखिला गर्नुपर्नेछ।

प्राविधिक सीप विकास (तालिका नं.५.३) र कर्जामा पहुँच (तालिका ५.४) का क्षेत्रमा कार्यक्रम सुरुवात भएको ७ महिनापश्चात् निर्दिष्ट सूचकहरुको आधारमा अपेक्षित नतिजा हासिल गर्नुपर्दछ।

उपयुक्त प्रविधि ग्रहण (तालिका  ५.५) बजार सञ्जाल विकास (तालिका ५.६) र भैरहेका उद्यमहरुको स्तरीकरण र सुदृढीकरणको क्षेत्रमा कार्यक्रमको अन्तमा निर्दिष्ट सूचकहरुको आधारमा अपेक्षित नतिजा हासिल गर्नुपर्नेछ।

प्रत्येक तीन महिनामा तयार पारिने मागमा घटना अध्ययन र अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा उद्यमीहरुको सफलताहरु पहिचान र सुधारअघिका अवशरहरु समावेश हुनेछन्।

### ५.१ सामाजिक परिचालनः

| संख्यात्मक सूचकहरु | गुणस्तर कायम गर्ने सूचकहरु | प्रक्रियाका सूचकहरु | प्रमाणीकरणको कागजातहरु |
|---|---|---|---|
| सम्भाव्य उद्यमीहरुको किसिम र संख्या र छनोट भएका लघुउद्यमीहरु | बिपन्न लैङ्गिक सामाजिक समावेशीकरणका वर्गीकरणअनुसार | DEDC बैठक गाविसमा नयाँको सन्दर्भमा मेडेप प्रक्रियावारे अभिमुखीकरण<br>लक्षित समूहहरु र सम्भाव्य स्रोत/साधनको पहिचानका लागि गाविसमा सहभागितात्मक ग्रामीण लेखाजोखा<br>सर्वेमार्फत सम्भाव्य उद्यमीहरुको छनौट | उद्यमी र उद्यमहरुको आधारभूत तथ्याङ्क सूचना<br>जिल्ला लघुउद्यमी समूह सङ्घको MIS |
| गठन भएका लघुउद्यमी समूह संख्या र बचत शुरू अन्तरगतको बचतको लेखा राखिएको | विपन्न लैङ्गिक र सामाजिक समावेशी वर्गिकरणअनुसार लघुउद्यमी समूहमा मुख्य | -समूह गठन<br>-समूह बैठक | MEG/MEGA/जिल्ला लघुउद्यमी समूह सङ्घको बैठकको विवरण त्रैमासिक प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| लघुउद्यमी समुहको बैठकमा भएको | पहुँचको अनुपात | | |

## ५.२ उद्यमशिलता सीप विकास

| संख्यात्मक सूचक | गुणात्मक सुचकहरु | प्रक्रियाका सूचकहरु | प्रमाणिकताका कागजातहरु |
|---|---|---|---|
| - सम्भाव्य उद्यमीहरुको व्यवसाय सुरु गर्न तयार हुनेसम्वन्धी ज्ञान अभिवृद्वि भएको हुनेछ<br>- वतावरणीय क्षेत्रलाई विचार गरी व्यवसायिक योजना तयार गर्ने विधिसम्वन्धी सम्भाव्य उद्यमीहरु जनकारी प्राप्त गर्न सम्भाव्य उद्यमीहरुको संख्या | - विपन्न लैङ्गिक तथा सामाजिक समावेशी वर्गीकरणअनुसार व्यवसायका लागि आवश्यक जानकारीसम्वन्धी ज्ञान बढ्नेछ<br>- उद्यमीहरुको अनुपात<br>- व्यवसायिक योजना तयार गर्नका लागि आवश्यक जानकारीसम्वन्धी ज्ञान बढ्नेछ<br>- व्यवसायिक योजना तयार गरिएको जुन वातावरणमैत्री दृष्टिकोणबाट विचार गरिएको हुनेछ । | - उद्यमशिलता विकास तालिम मा वातावरणीय दृष्टिवाट एकीकृत गर्ने<br>- GSI वर्गीकरणका दृष्टिवाट सहभागितात्मक रुपमा तालिम सञ्चालन<br>- तलिम पूर्व र पश्चात् मूल्याङ्कन<br>- प्रत्येक तालिमको अन्तमा सार्वजानिक/सामाजिक लेखापरीक्षण | - जिल्ला लघुउद्यमी समूह सङ्घको MIS Database<br>- GSIPPME प्रतिवेदन<br>- सार्वजानिक, समाजिक लेखा परीक्षण प्रतिवेदन<br>तालिम मूल्याङ्कन प्रतिवेदन |

## ५.३ प्राविधिक सीप अभिवृद्धिः

| संख्यात्मक सूचक | गुणात्मक सूचकहरु | प्रक्रियाका सूचकहरु | प्रमाणिकताका कागजातहरु |
|---|---|---|---|
| - सीप तालिम प्रदायक संख्याहरुको सूची तयार<br>- आवश्यकताअनुसार प्रविधिसीपमा उद्यमीहरुको ज्ञान वृद्वि भएको हुनेछ<br>-उद्यमीहरुको व्यावसायिक योजना तयार भएको हुनेछ<br>- उद्यमीहरुले उद्यम स्थापना गरेको हुनेछन् | - प्रविधि, सीप, ज्ञान अभिवृद्धि हुनेछ । विपन्न लैङ्गिक प्रतिवेदन र सामाजिक समावेशी वर्गीकरणअनुसार उद्यम स्थापना गरेका उद्यमीहरुको अनुपात | - प्राविधिक सीप तालिम प्रदायक संस्थाहरुको सूची तयार<br>- निर्दिष्ट आवश्यक प्राविधिक सीपको आवश्यकता भएका उद्यमीहरुको पहिचान<br>- सेवाप्रदायकहरुसितको सम्झौतामा प्राविधिक सीप प्रदान<br>- अग्र र पश्च मूल्याङ्कन<br>- सामाजिक सार्वजनिक लेखापरीक्षण अन्तमा | - जिल्ला लघुउद्यमी समूह सङ्घको MIS database<br>- GSIPPME प्रतिवेदन<br>- तालिम मूल्याङ्कन प्रतिवेदन<br>- सार्वजनिक/सामाजिक लेखा परीक्षण प्रतिवेदन |

## ५.४ कर्जामा पहुँच

| **संख्यात्मक सूचकहरु** | **गुणात्मक सूचकहरु** | **प्रकृयाका सूचकहरु** | **प्रमाणीकरणका लागि आवश्यक कागजातहरु** |
|---|---|---|---|
| गठन भएका सहकारीको संख्या<br><br>उद्यम स्थापनका लागि ऋण प्राप्त गर्ने उद्यमीहरुको संख्या | दलित, आदिबासी जनजाति र महिलाको कार्यकारी समितिमा अनुपात | पूर्व सहकारी तालिम, बचत तथा ऋण सहकारीको गठनका लागि सहजीकरण<br>● जिल्लामा नक्साङ्कनमार्फत | जिल्ला लघुउद्यमी समूह सङ्घको MIS Database<br><br>GSIPPME प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| ऋण प्राप्त गरेका उद्यमीहरुले तयार गरेको व्यावसायिक योजनाको संख्या<br><br>थोक कर्जाका लागि बैंक वा ग्रामीण स्वावलम्बन विकास कोषसित सम्पर्क भएका सहकारीहरुको संख्या | विपन्न लैङ्गिक र सामाजिक समाबेशी बर्गीकरणका आधारमा ऋण प्राप्त गर्ने र उद्यम स्थापना गर्ने उद्यमीहरुको अनुपात<br><br>सहकारी र उपयुक्त ऋण असुली प्रकृयाको अभिलेख प्रणाली | ईच्छुक वित्तीय सेवाप्रदायक संस्थाहरुको छनौट<br>● साझेदारी प्रकृयामार्फत लघुउद्यमीहरुलाई ऋण प्रदान गर्न वित्तीय संस्थाहरुलाई आह्वान, उत्प्रेरणा<br>● उद्यमीहरुलाई वित्तीय साक्षरतामा सहजिकरण<br>● वित्तीय सेवा प्रदायकहरुमार्फत उद्यमीहरुले ऋण प्राप्त गर्नका लागि गरिने संयुक्त बैठक र प्रकृयाहरुमा सहजीकरण<br>● ठूला वित्तीय संस्थाहरु र ग्रामीण स्वावलम्बन कोषसित सम्पर्क विकासका लागि सहकारी र वित्तीय संस्थाहरुको सहजीकरण | त्रैमासिक प्रतिवेदन<br><br>वित्तीय संस्थाहरु र उद्यमीहरुका बीच सम्झौता |

**५.५ उपयुक्त प्रविधिहरुको अवलम्बन**

| **संख्यात्मक सूचकहरु** | **गुणात्मक सूचकहरु** | **प्रकृयाका सूचकहरु** | **प्रमाणीकरणका लागि आवश्यक कागजातहरु** |
|---|---|---|---|
| उपयुक्त प्रविधि अवलम्बन गर्ने उद्यमीहरुको संख्या<br><br>प्रविधिहरु सम्बन्धमा सहभागितात्मक कार्यगत अनुसन्धानका मुख्य सूचकहरुबारे विज्ञ भएका उद्यमीहरुको संख्या<br><br>व्यावसायिक योजनासहित स्थापना भएका साझा सुविधा केन्द्रहरुको संख्या<br><br>तयार भएका व्यावसायिक योजनाहरुको संख्या | विपन्न लैङ्गिक र सामाजिक समाबेशी बर्गीकरणका आधारमा उपयुक्त प्रविधि अवलम्बन गर्ने उद्यमीहरुको अनुपात<br><br>विपन्न लैङ्गिक र सामाजिक समाबेशी बर्गीकरणका आधारमा प्रविधिहरु सम्बन्धमा सहभागितात्मक कार्यगत अनुसन्धानका मुख्य सूचकहरुबारे विज्ञ भएका उद्यमीहरुको अनुपात | ● उद्यमीहरुका लागि आवश्यक उपयुक्त प्रविधिहरुको पहिचान<br>● उपयुक्त प्रविधि सेवा प्रदायक संस्थाहरुको सेवा, सस्था र स्थानको पहिचान<br>● उद्यमीहरुलाई उपयुक्त प्रविधिबारे जानकारी प्रदान<br>● नयाँ प्रविधि सम्वन्धमा उद्यमीहरुको सीप ज्ञानका लागि अवलोकन भ्रमण<br>● साझा सुविधा केन्द्रहरुको व्यावसायिक योजना र मर्मत सम्भारको व्यवस्थासहित | जिल्ला लघुउद्यमी समूह सङ्घको MIS Database,<br><br>CFC Database,<br><br>CFC लेखा प्रतिवेदन,<br><br>CFC प्रगति प्रतिवेदन,<br><br>GSIPPME प्रतिवेदन,<br><br>PAR प्रतिवेदन,<br><br>त्रैमासिक प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| | | श्रोत सिर्जना, प्रस्ताव तयार, सम्भाव्यता मूल्याङ्कन | |

**५.६ बजार सञ्जालको बिकास**

| संख्यात्मक सूचकहरु | गुणात्मक सूचकहरु | प्रकृयाका सूचकहरु | प्रमाणीकरणका लागि आवश्यक कागजातहरु |
|---|---|---|---|
| विकास गरिएका बस्तुहरुको संख्या : (क) ब्राण्ड तयार भएको, लेबलिङ गरिएको, (ख) गुणस्तर परीक्षण गरिएको, (ग) प्याकेजिङ गरिएको<br><br>उत्पादित बस्तुहरु बिक्रि गरेर उद्यमीहरुले बिक्रिबाट आय बृद्धि गर्नेको संख्या<br><br>सहकारीमार्फत सामूहिक बजारीकरण शुरुगरेका सहकारीहरुको संख्या | विपन्न लैङ्गिक र सामाजिक समावेशी बर्गीकरणका आधारमा निम्न पक्षहरुमा विज्ञ भएका उद्यमीहरुको अनुपातः<br>(क) माग भएका बस्तुहरु<br>(ख) उत्पादित बस्तुहरुको बजार र<br>(ग) बजारमा उत्पादित बस्तुहरुको प्रवर्द्धन र विकासका लागि सीप | • मागको अध्ययनका आधारमा तालिम प्रदान गर्ने र बजार विकास सहयोगका लागि मागको पहिचान गर्ने,<br>• सम्वन्धित निकायहरु र निजीक्षेत्रहरुको सहकार्यमार्फत बजार मागका आधारमा बस्तुहरुको विकास (स्तरीकरण, ब्राण्डिङ, प्याकेजिङ, लेबलिङ, गुणस्तर परीक्षण)<br>• सहकारीहरुको विकास र यसको क्रेता विक्रेताहरुसंग सम्झौता, करार<br>• बजार अवलोकन भ्रमण र उद्यमीहरुको बजार मेलाहरुमा सहभागिता<br>• प्रत्येक तालिमको अन्तमा सामाजिक तथा सार्वजनिक लेखापरीक्षण | जिल्ला लघुउद्यमी समूह सङ्घको MIS Database<br><br>GSIPPME प्रतिवेदन<br>तालिम मुल्याङ्कन प्रतिवेदन<br><br>सार्वजनिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन<br>गुणस्तर परीक्षण प्रतिवेदन<br><br>त्रैमासिक प्रतिवेदन |

**५.७ लघुउद्यमीहरुको स्तरीकरण र सुदृढीकरण**

| संख्यात्मक सूचकहरु | गुणात्मक सूचकहरु | प्रकृयाका सूचकहरु | प्रमाणीकरणका लागि आवश्यक कागजातहरु |
|---|---|---|---|
| उच्च उद्यमशिलता सीप, उच्च प्रविधि सीप, उपयुक्त प्रविधिहरु (औजारहरु, सामानहरु) पूँजिको माग पूरागर्न कर्जामा पहुँच, अझ राम्रो बजारीकरण सेवाहरु ( प्याकेजिङ, लेवलिङ, ब्राण्डिङ र सम्पर्क स्थापना)<br><br>उद्यमीहरुको औसत | बिपन्न लैङ्गिक र सामाजिक समावेशी बर्गीकरणका आधारमा मौसमी उद्यमहरुबाट बर्षैभरी सञ्चालन हुने उद्यमहरुमा परिवर्तन भएका उद्यमहरुको अनुपात<br><br>विपन्न लैङ्गिक र सामाजिक समावेशी बर्गीकरणका आधारमा उद्यमहरुको स्तरीकरण भएको र नाफा आर्जन गरेको | • उद्यमीहरुलाई स्तरीकरण र सुदृढीकरण गर्नका लागि स्थान पहिचान (जिल्ला लघुउद्यमी समूह सङ्घहरुबाट)<br>• समूह वा व्यक्तिगत उद्यमहरुको विश्लेषण : - उद्यमीहरुको सहयोगका लागि निर्दिष्ट क्षेत्रहरुको पहिचान गर्ने ( व्यवसाय सेवाहरु, असल सुशासन, समान फाइदा वा लाभ बाँडफाँड)<br>• निर्दिष्ट स्थान र क्षेत्रहरुको | जिल्ला लघुउद्यमी समूह सङ्घको MIS Database<br><br>GSIPPME रिपोर्ट<br><br>तालिम मुल्याङ्कन प्रतिवेदन<br><br>सार्वजनिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| नाफा ५० प्रतिशतले बृद्धि भएको हुनेछ | (कम्तिमा वा औसत आयभन्दा बढी) | प्राथमिकीकरण जहाँ आवश्यक सहयोग प्रदान गरिनेछ - अति आवश्यकता, अति विपन्न र लैङ्गिक सामाजिक समावेशीलाई बिचार गरी)<br>● लघुउद्यमीहरुको मागको आधारमा, सेवाको लागत र व्यवसाय सेवाको पहिचान गर्ने<br>● मेडेप/क्षेत्रीय सहयोग कार्यालयसँगको सहमतिमा कार्य योजनाको तयारी<br>● योजनाअनुसार सहयोग प्रदान गर्ने<br>● प्रत्येक तालिमको अन्तमा सामाजिक तथा सार्वजनिक लेखापरीक्षण | त्रैमासिक प्रतिवेदन |

**६. मेडेपले गर्ने सहयोग**

व्यवसाय विकास सेवाप्रदायक संस्थाहरुको लागि क्षमता बिकासका प्रकृया र औजारको विकास गरिनेछ । सीप र प्रविधिमा पहुँच, सेवा प्रदायकहरुसँगको सम्पर्क, बजार सम्पर्क र व्यवसाय परामर्शका लागि सेवाहरुको अवस्था र मूल्य श्रृंखला प्रकृया सम्वन्धमा सेवाप्रदायकहरुको क्षमता विकास गरिनेछ । छनौट भएका मुल्य श्रृंखलाहरुको प्रवर्द्धनका लागि मुख्य सरोकारवालाहरुको गठबन्धन निर्माण गरिनेछ र यसले मूल्यश्रृंखलाको प्रवर्द्धनका क्षेत्रमा सहकार्यमा अभिबृद्धि हुनेछ ।

वाह्य स्वतन्त्र निकायहरुबाट कार्यक्रमको अन्तमा उपलब्धिको मूल्याङ्कन गरिनेछ । यसका आधारमा व्यवसाय विकास सेवाप्रदायकहरुलाई भुक्तानी दिइनेछ ।

**भाग कः अनुमानित लागत तथा भुक्तानी**

मेडेपको निर्देशिका र मान्यताअनुसार

**भाग ख : आवश्यक योग्यता (सम्वन्धित क्षेत्रमा कामको अनुभव र शैक्षिक)**

- व्यवसाय विकास सेवाप्रदायकहरुका लागि सम्वन्धित क्षेत्रमा कम्तिमा दुईबर्षको दक्षता तथा अनुभव भएका कुनै पनि दर्तावाल गैरसरकारी संस्थाहरु, निजीफर्महरु, निजी कम्पनीहरु, वित्तीय गैरसरकारी संस्थाहरु र निजीक्षेत्रका सङ्गठनहरुले आवेदन दिन सक्नेछन् ।
- उद्यम विकास सहजकर्ता, कार्यक्रम संयोजक, प्रशासन र वित्त सहायक, कृषि उद्यम विकास अधिकृतहरु, बन उद्यम विकास अधिकृतहरु, तथ्याङ्क सहायक, आदिका रुपमा व्यवसाय विकास सेवाप्रदायक संस्थाका रुपमा उपयुक्त सक्षम मानव संशाधनको व्यवस्था हुनुपर्दछ ।